# मादी गाउँपालिका

# स्थानीय राजपत्र

## मादी गाउँपालिकाद्वारा प्रकाशित

**खण्ड ५ संख्या ११ श्रावण २७ गते, २०७८ साल**

# भाग २

**मादी गाउँ कार्यपालिकाले जारी गरेको तल लेखिए बमोजिमको प्रकोप व्यवस्थापन कोष (संचालन) कार्यविधि, २०७५ (पहिलो संशोधन, २०७८ सर्वसाधरणको जानकारीको लागि प्रकाशन गरिएको छ ।**

### प्रकोप व्यवस्थापन कोष (संचालन) कार्यविधि, २०७५ (पहिलो संशोधन, २०७८

**प्रस्तावना :** मादी गाउँपालिकाको प्रकोप व्यवस्थापन कोष ( संचालन) कार्यविधि, २०७५ लाई संशोधन गर्न वाञ्छनीय भएकोले, मादी गाउँ कार्यपालिकाले यो संशोधन जारी गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस संशोधनको नाम मादी गाउँपालिकाको प्रकोप व्यवस्थान कोष (संचालन) कार्यविधि, २०७५ (दोस्रो संशोधन), २०७८ रहेको छ ।

(२) यो संशोधन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **मादी गाउँपालिकाको प्रकोप व्यवस्थापन कोष ( संचालन) कार्यविधि, २०७५ को दफा ८ को उपदफा (५) राहत सहायता वितरण सम्बन्धी व्यवस्थामा देहाय बमोजिम संसोधन :**

क. (ङ) झिक्ने ।

ख. (च) प्राकृतिक वा गैह्र प्राकृतिक दुर्घटनाबाट अंग भंग भएमा जनही रु. १००००/- (दश हजार)

ग. (छ) प्राकृतिक वा गैह्र प्राकृतिक दुर्घटनमा परी मृत्यु भएमा जनही रु. ३००००/- (तीस हजार)

घ. (ज) कोरोना संक्रमित भई भेण्टिलेटर वा आइ.सि.यु.मा राखी उपचार गर्नुपर्ने भएमा जनही रु. २००००/- (बीस हजार)

ङ. (झ) कोरोना वा अन्य कुनै महामारीको कारणबाट मृत्यु भएमा जनही रु. ३००००/- (तीस हजार)

**आज्ञाले**

**नारायण प्रसाद सापकोटा**

**प्रमुख प्रशासकीय अधिकृत**

मादी गाउँपालिका, कास्की